किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स. ०७७/०७८

मितिः २०७७।०९।०९

## सुपरिवेक्षक र गणक करारमा पदपूर्ति गर्ने सम्बन्धि सुचना

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प.स. २०७७/०७८ च.नं. ४० मिति २०७७।०८।१४ को पत्र अनुसार यस किस्पाङ गाउँपालिकामा गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक सुपरिवेक्षक र गणक करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले ७ दिन भित्र माग बमोजिमका राजश्व तिरेका रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०८/०७७/०७८ | सुपरिवेक्षक | पाँचौ तह सरह | १(एक) | ७००।- |
| २. | ०९/०७७/०७८ | गणक | चौथो तह सरह | ३(तीन) | ५००।- |

१. आवश्यक न्युनतम योग्यताः

- सुपरिवेक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको ।
- गणकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको।
- १८ बर्ष पूरा भै ४० वर्ष ननाघेको।
- किस्पाङ गाउँपालिकाको बासिन्दालाई प्राथमिकता दिईनेछ।

२. दरखास्त दिने स्थानः किस्पाङ गाउँपालिकाको कार्यालय, काहुले, नुवाकोट।

३. अन्तिम मितिः २०७७।०९।१५

४. छनौटको किसिमः अन्तर्वार्ता

५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु

- दरखास्त फारम (यस कार्यालयको वेभसाईट वा सुचना प्रविधि शाखाबाट प्राप्त गर्न सकिनेछ।)
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- न्युनतम योग्यता (लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र आधारभूत कम्प्युटर तालिम) को प्रमाणपत्रको प्रतिलिपि

६. सेवा सुविधाः गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ को दफा २३ बमोजिम हुनेछ।

२०७७/९/९

खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

ईमेल : info@kispangmun.gov.np, वेवसाईटः kispangmun.gov.np, फोन नं. : ०१०-६८१२१७